Namuna Academic Journal | Volume 3 | Number 1 | February 2025 | ISSN : 2822-194X

# सेतीको सुस्केरा कथामा जाति, परिवेश र युग

**- रमेश काफ्ले**
उपप्राध्यापक, सप्तकोशी बहुमुखी क्याम्पस, बराहक्षेत्र, सनुसरी
rameshkafle59@gmail.com

## सार

*प्रस्तुत लेख रामलाल जोशीद्वारा रचित 'ऐना' कथासङ्ग्रहमा सङ्कलित 'सेतीको सुस्केरा' कथामा फेला पर्ने जाति, परिवेश र युगको खोजीसँग सम्बन्धित रहेको छ । यसमा खास गरी समाजशास्त्रका आधारमा यस कथाको विश्लेषण गरिएको छ र त्यसका लागि जाति, परिवेश र युगका कोणबाट यसमा फेला पर्ने समाजशास्त्रीय दृष्टिकोणको व्याख्या गरिएको छ । कथाले मूलतः समाजको यथार्थकै अङ्कन गर्ने हुँदा यसमा पनि कथाकार जोशीले आफूले बाँचेको युगकै अभिव्यक्ति गरेका छन् । समाजमा धनी तथा सामन्त वर्गले गरिबमाथि कसरी शोषण गर्दछन् भन्ने कुराको चित्रण प्रस्तुत कथामा निकै राम्ररी गरिएको छ । समाजमा गरिबले भोग्नपुर्ने विविध समस्याको चित्रण भेटिने प्रस्तुत कथामा जाति, परिवेश र युगको जीवन्त चित्रण गरिएको छ । प्रस्तुत लेखमा सामाजिक यथार्थको चित्रण गरिएको जोशीको यस कथालाई समाजशास्त्रीय दृष्टिले अध्ययन गर्दा यसमा जाति, परिवेश र युगको अभिव्यक्ति निकै प्रभावकारी ढङ्गमा भएको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी : क्षण, जाति, परिवेश, मनोविज्ञान, समाजशास्त्र ।***

## विषयपरिचय

प्रस्तुत अध्ययनकार्य रामलाल जोशीको ऐना (२०७२) कथासङ्ग्रहमा सङ्गृहित 'सेतीको सुस्केरा' कथामा अभिव्यक्त जाति, परिवेश र युगको विश्लेषणमा केन्द्रित छ । प्रजाति, क्षण र परिवेश भनेको साहित्यमा अभिव्यक्त समाजको विश्लेषण गर्ने सिद्धान्त हो जसलाई साहित्यको समाजशास्त्रीय सिद्धान्त भनिन्छ ।

समाजशास्त्रका जन्मदाता अगस्ट कोम्ते (सन् १७९८-१८५७) हुन् । ल्याटिन सोसाइटसको र लोगोसको अन्वयबाट सोसियोलोजी शब्द बनेको हो । ल्याटिन शब्द सोसाइट्सको अर्थ समाज र लोगोसको अर्थ विज्ञान भन्ने हुन्छ । सोसोलोजी शब्दको नेपाली रूपान्तरण नै समाजशास्त्र भन्ने हुन्छ । साहित्यमा अभिव्यक्त समाजको विश्लेषण गर्ने सिद्धान्त नै साहित्यको समाजशास्त्रीय सिद्धान्त हो । साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधारमा चर्चा गर्ने काम हिप्पोलाइट एडल्फ टेनले गरेका हुन् । उनले साहित्य र कलालाई एकै स्थानमा जोड्ने काम गरेका छन् । खास गरी उनको मान्यता कृतिमा प्रयुक्त भएको प्रजाति, क्षण र परिवेशमा केन्द्रित छ । टेनले सन् १८६३ मा द हिस्ट्री अफ इङ्लिस लिट्रेचर नामक पुस्तकको प्रस्तावनामा प्रत्यक्षवादको सार खिचेका छन् । यस आधारमा उनले साहित्यिक कृतिलाई व्यक्ति मनोविज्ञानको

अभिव्यक्ति मान्दै त्यसलाई प्रकारान्तरले पर्यावरण तथा युगको अभिव्यक्ति मानेका छन् । उनले साहित्यमा प्रयोग भएका यिनै समाजशास्त्रीय तत्वलाई सुसङ्गठिन गर्ने काम गरेका छन् । समाजको यथार्थ चित्र साहित्यमा देखिनेतर्क अघि सारेका छन् । वास्तवमा साहित्यकार प्रत्यक्ष रूपले समाजसँगै गाँसिने हुँदा उसले भोगेको क्षण, प्रजाति र ऊ बाँचेको परिवेश साहित्यमा झल्किएको हुन्छ । साहित्यिक कृतिको प्रस्तुतिका क्रममा जैविक वंशाणुगत गुण पनि अभिव्यक्त भएको हुन्छ । उनका अनुसार साहित्य व्यक्तिगत कल्पनाको उपज नभएर समाजको सोचाइको अभिव्यक्ति हो । उनले साहित्य समाजको अभिव्यक्तिको सूचना भण्डार हो भन्ने धारणा व्यक्त गरेका छन् । यसरी साहित्य प्रजाति, क्षण र परिवेशको दस्तावेज हुन पुग्दछ । सफल र अनुभवी साहित्यकारले पूर्ण रूपमा समाजको प्रजाति, क्षण र परिवेशको अभिव्यक्ति दिन सक्दछ भन्ने टेनको मत छ । यसरी टेनको दृष्टिमा साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने व्यक्तिले साहित्यमा व्यक्त प्रजाति, क्षण र परिवेशबारे अध्ययन गर्नुपर्दछ । यिनै तीन कुराहरूको अन्तरसम्बन्ध साहित्यको समाजशास्त्रीय अध्ययनबाट सम्भव हुन्छ । टेनले साहित्य र साहित्यिक कृतिलाई युगानुकूल व्याख्या गर्न निर्देश गरेका छन् । वस्तुतः साहित्यिक कृतिमा प्रजाति, क्षण र परिवेशको उल्लेख हुन्छ । कुनै साहित्यिक रचनालाई राम्ररी बुझ्न र त्यसको मूल्याङ्कन गर्नका लागि साहित्यकार जुन जाति, जुन युग एवम् जुन क्षणको छ त्यसको राम्ररी अध्ययन गर्न आवश्यक छ । कृतिमार्फत साहित्य सिर्जना समयको तथा त्यसमा उल्लेख प्रजाति, क्षण र परिवेशको अध्ययन गर्न सकिन्छ भन्ने देखिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा टेनको अवधारणागत आधार अर्थात् क्षण, जाति र परिवेशको सैद्धान्तिक अवधारणालाई उपयोग गरिएको छ । यही त्रिपक्षीय चिन्तनको बुँदालाई आधार मानी रामलाल जोशीको 'सेतीको सुस्केरा' कथाको विश्लेषण गरिएको छ ।

रामलाल जोशी (जन्म : २०३१ फागुन १७) ले नेपाली कथाका क्षेत्रमा नवीन चिन्तन सन्दर्भलाई स्थापित गर्ने कथाकार हुन् । उनले (२०५७) सालदेखि गजल र कविताका क्षेत्रमा काम गर्दै आएका छन् । उनको पहिलो कविता नेपाली चलचित्र (२०५०) 'सौगात' पत्रिकामा प्रकाशित छ । उनको 'हत्केलामा आकाश' गजलसङ्ग्रह (२०५७), 'ऐन' कथासङ्ग्रह (२०७२), 'सखी' उपन्यास (२०७५) र 'बाआमा' (२०७९) नामक आख्यान प्रकाशित छन् । यी कृतिहरूमध्येको ऐना कथासङ्ग्रहमा सङ्गृहित सेतीको सुस्केरा कथाकी मुख्य पात्र सेती दमिनी गरिबीको पीडा साथै समाजमा जकडिएर बसेको जात प्रथा र श्वासमा अल्झिएको शरीरका कारण उसले बाँच्नुपरेको दयनीय अवस्थाको आफ्नो व्याख्या आफै कथामा गरेकी छ । मानिस समयको दास र परिस्थितिको उपज हो भन्ने तथ्य यस कथामा प्रस्तुत छ ।

यहाँ जातीय आधारमा जीवनमा सेतीले भोग्नुपरेको पीडा र नदीसँग उसका जीवनको साम्य र वैषम्यको व्याख्या कथामा गरिएको छ । यस कथाले एउटा युगको प्रतिनिधित्व गरेको छ जसमा जातीय विभेदको पराकाष्ठा देखाउन खोजिएको छ । त्यसैले 'सेतीको सुस्केरा' कथामा वर्णित प्रजाति, परिवेश र युग कसरी उद्घाटित छ भन्ने प्राज्ञिक जिज्ञासा पैदा भएको छ । यसै जिज्ञासाको समाधानका निम्ति प्रस्तुत अध्ययनमा 'सेतीको सुस्केरा' कथामा प्रयुक्त प्रजाति परिवेश र क्षणलाई पहिल्याई तिनका आधारमा प्रजाति, युग र क्षणबाट कथाको मूल्याङ्कन गरिएको छ ।

## अध्ययनविधि

रामलाल जोशीको 'ऐना' कथासङ्ग्रहमा सङ्कलित 'सेतीको सुस्केरा' कथामा अभिव्यक्त क्षण, युग र जातिको विश्लेषण गरिएको छ र त्यसलाई खोज एवम् अनुसन्धानमूलक तुल्याउनका लागि त्यसका लागि आवश्यक सामग्रीहरूको सङ्कलन गर्दै विश्लेषणको उपयुक्त विधिसमेत अवलम्बन गरिएको छ ।

प्रस्तुत अनुसन्धानकार्यका लागि आवश्यक पर्ने सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । रामलाल जोशीको 'ऐना' कथासङ्ग्रहमा सङ्कलित 'सेतीको सुस्केरा' यस अनुसन्धानको प्राथमिक स्रोत हो । त्यसै गरी क्षण, युग र जातिसम्बन्धी सैद्धान्तिक चर्चा गरिएका लेख तथा ग्रन्थहरूका साथै 'सेतीको सुस्केरा' कथासँग सम्बन्धित पूर्वाध्ययनहरू नै यस अनुसन्धानका लागि द्वितीयक सामग्री हुन् । यी दुवै सामग्री

(प्राथमिक र द्वितीयक) सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

प्रस्तुत अध्ययनमा मूलतः व्याख्यात्मक एवम् विश्लेषण विधि अवलम्बन गरिएको छ । क्षण, जाति र युगसम्बन्धी स्थापित सिद्धान्तका आधारमा 'सेतीको सुस्केरा' कथाको व्याख्या एवम् विश्लेषण गरिएकाले यसमा अङ्गीकार गरिएको विधि मूलतः निगमनात्मक प्रकृतिको छ । यसरी दुवै प्रकृतिका सामग्रीको उपयोग गरी प्रजाति, युग र क्षणका आधारमा पाठविश्लेषण विधिबाट 'सेतीको सुस्केरा' कथालाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक आधार

रामलाल जोशीको 'सेतीको सुस्केरा' कथामा व्यक्त जाति, परिवेश र युगको खोजी गर्नका लागि अँगालिएको मुख्य सैद्धान्तिक आधार समाजशास्त्र हो । उनका कताकारिताका हालसम्म धेरै अध्ययन, अनुसन्धान, विश्लेषण, समीक्षा र समालोचना भएका छन् तर साहित्यको समाजशास्त्र अन्तर्गत हिप्पोलिट तेनद्वारा प्रतिपादित कृति विश्लेषणको समाजशास्त्रीय आधारमा पर्याप्त अध्ययन भएको पाइँदैन । तेन (सन् १८२८-१८९३) साहित्यको समाजशास्त्रीय अध्ययन क्षेत्रका एक प्रमुख समालोचक हुन् । उनको प्रजाति, पर्यावरण र युगसम्बन्धी मान्यतालाई साहित्यको समाजशास्त्रको प्रारम्भिक र महत्वपूर्ण मान्यता मानिन्छ । तेनको योगदान पनि यथार्थवादी साहित्य चेतनाका विकास क्रममा स्मरणीय छ (त्रिपाठी, पृ.४३) । तेनले कला साहित्यलाई सामाजिक तथ्य वा घटना मानेर कृतिको उत्पत्तिको कार्यकारण सम्बन्धको खोजी गर्दै कृतिको वस्तुपरक अध्ययन गर्नुपर्ने मान्यता राख्दछन् (पाण्डेय, पृ.१४३) । तेनका अनुसार कृति एउटा सामाजिक तथ्य वा घटना हो । कुनै न कुनै कारणले त्यो कृति लेखिन्छ । लेखिएको कृतिमा पनि कुनै न कुनै प्रकारले लेखकको प्रजातिगत प्रभाव परेको हुन्छ । तेनको परिवेशगत धारणाअनुसार- संसारमा मान्छे एक्लो हुँदैन, उसको चारैतर्फ प्रकृति, समाज, उसको आदिम प्रवृत्ति, प्रजातिगत विशेषता, भौतिक सामाजिक परिस्थिति, घटना आदिबाट ऊ प्रभावित हुन्छ (पाण्डेय, सन् २००६, पृ.१४३) । समाज र सामाजिक वस्तुस्थितिबारे समाजशास्त्री टेनले सटीक चर्चा गरेका छन् । समाजशास्त्रीय विश्लेषणलाई वस्तुपरक व्याख्या गर्न उनको अवधारणा निकै उपयोगी छ । वास्तवमा ठोस विधिहरूको प्रयोगद्वारा समाजका विभिन्न पक्षहरु, राजनैतिक, आर्थिक, सांस्कृतिक, दैनिक जीवन आदिका आपसी सम्बन्धहरु, प्रवृत्तिहरु र नियमितताहरूको अध्ययन गर्नुलाई समाजशास्त्रीय अन्वेषण भनिन्छ (प्रभात, २०७०, पृ. २९८) । उनको विश्लेषणले युगीन चिन्तनमा केन्द्रित रहन सिकाउँछ । कला जुन मानसिकताबाट जन्मन्छ वा उत्पन्न हुन्छ, त्यो मानसिकता कसरी बन्छ ? भन्ने प्रश्नको उत्तर खोज्दै प्रजाति, परिवेश र क्षणको महत्वपूर्ण सिद्धान्त निर्माण गर्नु नै तेनको समाजशास्त्रीय सिद्धान्तको केन्द्रीय मान्यता हो । तेनका अनुसार साहित्य प्रजातिको पद चिह्नको आधार हो । साहित्य समाजबाट पृथक् रहन सक्दैन । यो लेखकको समकालीन समाजका प्रजाति र उनीहरूको व्यवहार तथा स्वभावको प्रभावबाट सिर्जना हुन्छ (श्रेष्ठ, २०७१, पृ.७२) यसर्थ साहित्यको समाजशास्त्रीय चिन्तनमा तेनले सबैभन्दा बढी महत्व दिएको पक्ष प्रजाति हो ।

साहित्यको विश्लेषणमा पनि समय र भोगाइलाई युगानुकूल विश्लेषण गर्ने एक सहज सिद्धान्तका रूपमा टेनको अवधारणा विकसित छ । समाजशास्त्रीय दृष्टिकोणबाट कृति विश्लेषण गर्न सकिने एउटा आधार प्रजाति हो । कुनै पनि कथामा कथाकारले वा साहित्यमा साहित्यकारले प्रजातिहरूलाई पहिचान गर्न सक्ने विभिन्न आधारहरु प्रस्तुत गरेका हुन्छन् । सहज तथा वंशाणुगत विशेषता, शारीरिक संरचना, भाषिक अवस्था आदिको चर्चा गर्दै टेनले कुनै प्रजातिको चरित्रगत विशेषताहरु जलवायु, माटो एवम् इतिहासमा महान् घटनाका उपज हुने धारणा प्रस्तुत गरेका छन् । साथसाथै चरित्रको आधारभूत विशेषता, प्रजातिको विशिष्ट चेतना, सौन्दर्य अनुभूतिमा प्रकट हुने र प्रजातिको चरित्रअनुसार सौन्दर्यात्मक आदर्शको विकास हुने कुरा पनि उनले उल्लेख गरेका छन् (पाण्डेय, सन् २००६, पृ. १२४) । सिर्जना समाजभन्दा भिन्न हुन सक्दैन । सर्जक समाजबाट जन्मिन्छ र आफ्नो सिर्जनाको विषयवस्तु पनि उसले समाजबाट नै लिन्छ । सामाजिक संरचनाबाट नै सर्जकहरूले आफ्ना लागि चाहिने विषयवस्तु प्राप्त गर्दछन् । सर्जकले समाजका सामाजिक आचरणलाई र

चनामा समायोजन गरेको हुन्छ । जीवन सङ्घर्ष, भोगाइ वा अनुभवमा सामाजिक परिवेशले उसलाई प्रभाव पार्छ । वस्तुतः सर्जकले जीवन र जगत्को साझा अवधारणालाई साहित्यमा समावेश गर्दछ । यसर्थ सर्जक बाँचेको सामाजिक संरचनाभित्रका वर्ग, जाति, लिङ्ग, धर्म, भाषा, पेसा आदिको प्रभावमा उसले आफ्नो अनुभवलाई समेट्छ । लेखक कुनै प्रजातिगत गुणहरूबाट परिचित वा संरचित पनि हुन्छ । यसकारण उसले पात्रहरूमार्फत विभिन्न प्रजातिगत अभिलक्षणहरू प्रस्तुत गर्ने गर्दछ । क्षण भनेको युगचेतना हो भने पर्यावरण भनेको साहित्यकारले साहित्य सिर्जना गर्दा चित्रण गरेको देश, काल र वातावरण हो । साहित्यकारले देखेको, भोगेको क्षण र पर्यावरणको छाप उसले रचना गरेको साहित्यिक कृतिहरूमा स्पष्ट रूपमा देखिरहेको हुन्छ । पर्यावरण साहित्यसँग जोडिएर आएको हुन्छ र यसले मानव, मानवेतर प्राणी तथा वनस्पतिसमेतको अन्तरसम्बन्धको संरक्षणमा दृष्टि दिएको हुन्छ । कुनै पनि कृतिको समाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दा आधार बनाइने तीन तत्वमध्येको आधार क्षण पनि हो । पहिचानबाट त्यस साहित्यिक कृतिमा प्रयुक्त भएको युगीन चेतनाको बोध हुन्छ । क्षण भनेको कुनै पनि साहित्यकार आफू बाँचेको युग हो । त्यसैको प्रतिबिम्ब साहित्यमा अभिव्यक्त भएको हुन्छ । साहित्यिक अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मानिसहरूको अवस्थाबारे बोध हुन्छ । टेनका अनुसार एक युगमा कुनै विचारको प्रधानता रहेको हुन्छ र त्यसको एक किसिमको बौद्धिक ढाँचा पनि रहेको हुन्छ जसले सम्पूर्ण समाजकै चिन्तनलाई प्रभावित गरेको हुन्छ (पाण्डेय, सन् २००६, पृ. १२) । साहित्यको समाजशास्त्रीय अध्ययनमा टेनले प्रजाति र क्षण जस्तै परिवेशलाई पनि मुख्य आधारका रूपमा लिएका छन् । मूलतः टेनले प्राकृतिक परिवेशलाई महत्व दिए तापनि त्यसमा सामाजिक परिवेशलाई पनि समाविष्ट गर्छन् । उनी भन्छन्- संसारमा मानिस एक्लै हुँदैन । उसका चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ । उसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक, सामाजिक परिस्थिति र घटनाहरूबाट प्रभावित हुन्छन् (पाण्डेय, सन् २००६, पृ. १२५) । उनले पात्रको स्वभाव र उसको प्राकृतिक, सामाजिक परिवेशका बिच कार्यकारण सम्बन्ध स्थापित गर्ने कोसिस गरेका छन् । यसरी उनले प्राकृतिक एवम् सामाजिक परिवेशको प्रभाव पात्रमा पर्ने हुँदा परिवेशको पृष्ठभूमिमा पात्रका चारित्रिक विशेषताहरूको विश्लेषण गर्न सकिने कुरालाई औँल्याएका छन् । स्थानीय रङ्ग बाह्य सौन्दर्यमै सीमित हुन्छ र वातावरणचाहिँ आन्तरिक सौन्दर्यप्रति  केन्द्रित हुन्छ । स्थानीय रङ्ग पाठकको चाक्षुषसँग र वातावरणचाहिँ पाठकको संवेगसँग सम्बन्धित हुन्छ (थापा, २०७३, पृ. १७३) । टेनका विचारमा परिवेशसम्बन्धी सिद्धान्त साहित्यको कार्यकारण सम्बन्धलाई पूर्ण व्याख्या गर्ने सिद्धान्त हो । उनी परिवेशअन्तर्गत हावापानी तथा भूगोललाई महत्व दिन्छन् र साहित्यको सूक्ष्म विश्लेषणमा सामाजिक र राजनीतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्छन् (जैन, सन् १९९२, पृ. २४-२५) । यसरी परिवेशका बारेमा टेनले विशेष गरी हावापानी र भूगोललाई महत्व दिएका छन् ।

साहित्यको विश्लेषण गर्ने क्रममा फरकफरक चिन्तकहरूले फरकफरक सिद्धान्तहरू प्रतिपादन गरेका छन् । ती भिन्न सिद्धान्तहरूमध्ये प्रसिद्ध फ्रान्सेली समालोचक हिप्पोलाइट एडल्फ तेनले प्रतिपादन गरेका प्रजाति, परिवेश र क्षणको दृष्टिकोणबाट रामलाल जोशीको 'सेतीको सुस्केरा' कथाको विश्लेषण गरिएको छ । प्रस्तुत कथालाई प्रजाति, परिवेश र क्षणका कोणबाट विश्लेषण गर्नका लागि निम्नलिखित बुँदाहरू निर्धारण गरिएका छन्ः

(क) सेतीको सुस्केरा कथामा प्रयुक्त प्रजाति
(ख) सेतीको सुस्केरा कथामा प्रयुक्त परिवेश
(ग) सेतीको सुस्केरा कथामा प्रयुक्त क्षण

## सेतीको सुस्केरा कथामा प्रयुक्त प्रजाति चिन्तन

'सेतीको सुस्केरा' कथामा आएका पात्र सेती दमिनी यस कथाकी मुख्य पात्र हो । उसलाई कथाको प्रारम्भमा नै दमिनी भनेर सम्बोधन गरिएकाले ऊ तल्लो जातिकी हो भन्ने कुरा प्रस्ट हुन्छ । कथामा  आएकी दमिनी र उसको जीवनको प्रसङ्गले तत्कालीन समाजमा जातिपातिका दृष्टिले उच्च भनिने कथित

कुलीन जाति रजवारले निम्न वर्गप्रति गर्ने हेय व्यवहार र निम्न जातिकाले उच्च जातिकालाई सम्मानित तरिकाले हेर्ने समाजको सामाजिक अवस्था थियो भन्ने कुरा यस 'सेतीको सुस्केरा' कथाबाट पत्ता लगाउन सकिन्छ । समाजमा उच्च वर्गले तल्लो वर्गकी महिलामाथि यौन शोषण गर्नु, अर्कैका जिम्मा लगाउनु, राहत माग्नु, माओवादीको द्वन्द्वकालीन यातना भोग्नुजस्ता घटनाहरूबाट यस कथामा व्यक्त जाति, क्षण र परिवेश पत्ता लगाउन सकिन्छ ।

साहित्यकार तथा कलाकारले भोगेका तथा बाँचेको युगको प्रतिबिम्ब साहित्यमा अभिव्यक्त हुन्छ । साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समाजका मानिसहरूको अवस्थाबारे बोध हुन्छ भन्ने तेनको धारणा कथामा यसरी व्यक्त भएको छः "जात समाजकल्याण मन्त्रालयको गरिबी निवारणसम्बन्धी महिला उत्थान फाराममा उसले आफ्नो नाम सेती दमिनी लेखाई" (पृ. ८१) । प्रजाति अन्तर्गत व्यक्तिको सहज वंशानुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचना रङ्ग तथा मानसिक पक्षलाई राखेका छन् । एक प्रजाति देशकालका दृष्टिबाट कसरी टाढाटाढा फैलन्छ तर पनि उसमा समान विशेषता हुन्छ भन्ने सन्दर्भमा उनले आर्यको उदाहरण दिएका छन् । प्रजातिको चरित्रगत विशेषता भनेको नै जलवायु, माटो र इतिहासको महान घटनाको उपज हो । चरित्रको मूल विशेषता प्रजातिको विशिष्ट चेतना र सौन्दर्यानुभूतिमा प्रकट हुन्छ । प्रजातिअनुसार नै सौन्दर्यको आदर्शको विकास हुन्छ । कथामा दलित जातिको बस्ने खाने व्यवस्था र अवस्था नभएको कुरा देखाएको छ :

> "लौ त, लेख्नुहोस्- म सारै दुखिया दमिनी हुँ हजुर । के भनूँ ? मेरो जीवन त सेती नदीजस्तै भयो । कैले धमिलो बाढी, कैले नीलो पानी ! मेरा बाले त्यै हुनाले मेरो नाम सेती राखेका हुन् कि जस्तो लाग्छ । म जन्मेको दुई वर्षमा आमालाई सेतीले बगायो तर पनि मेरा बाले अर्को बिहे गर्नु भएन । मेरा बाबाकी म एक्ली छोरी। बाले जिन्दगीभर आफ्ना साहु-मालिकका लत्ता सिउनु भो । बिहे बन्याँतमा ट्याम्को बजाउनुभो । साहु मालिकका राम्रा नराम्रा भारत काजबारमा स्वाइलो अर्नुभो । बार वर्षसम्म मलाई काखमै राखी पाल्नुभो । तीन कलाससम्म पढाउनुभो तर खै किन हो ? बार वर्षपछि बाका मनमा विरक्ति आयो ।" (पृ. ८२)

साहित्य समाजका जातिहरूको पदचिह्नको आधार हो । साहित्य लेखन एउटा व्यक्तिको काल्पनिक उपज होइन र यो समाजका जातिको प्रभावबाट पृथक् रहन सक्दैन । उनको विचारमा लेखकको समकालीन समाजको जाति र सिर्जना भएको हुन्छ । प्रत्येक साहित्यिक कृति कुनै समयको जातिको छाया तथा खोल जस्तो हुन्छ । तेनले जातिलाई वंशाणुगत गुण, शारीरिक वनावट तथा जातजातिका प्रतिभा, स्वभाव एवम् पारस्परिक मानसिकताका रूपमा परिभाषित गरेका छन् । यिनै पृष्ठभूमिका रहेर हेर्दा सेतीको सुस्केरा कथामा पनि दमाई र सुकुम्वासीका समस्या र पीडाहरूलाई यसरी सङ्केत गरेको छ :

> "पछाडि फर्केर हेर्दा आफ्ना धमिला आँखामा गोरेको पहेलो अनुहार देखें । गोरे सुनारसँग कतिबेरसम्म भक्कानिएँ, था भएन । साँझतिर देशीको होटलमा जिलेबी ख्वाएपछि गोरेले 'हिंड काकी उः त्यै गाडीमा जाऊँ भन्यो । म केही नबोली गोरेसँगै गाडीमा चढे । साँझको बेला गाडी कता जाँदै छ भन्ने पनि थाहा भएन ।" (पृ. ८३)

साहित्य सिर्जनाको पूर्वाधार समाज हो । समाज मानवजातिअन्तर्गतको विभिन्न जातिहरु बसोबास गर्ने स्थल हो । तेनको मतमा साहित्य समाजका जातिहरूको पदचिह्नको आधार हो । साहित्य लेखन एउटा व्यक्तिको काल्पनिक उपज होइन र यो समाजका जातिको प्रभावबाट पृथक रहन सक्दैन । उनको विचारमा लेखकको समकालिन समाजको जाति र सिर्जना भएको हुन्छ त्यसैले प्रत्येक साहित्यिक कृति कुनै समयको जातिको छाया तथा खोल जस्तो हुन्छ । तेनले जातिलाई वंशाणुगत गुण, शारीरिक वनावट तथा जातजातिका प्रतिभा, स्वभाव एवम् पारस्परिक मानसिकता व्यक्त भएका हुन्छन् । यहाँ सेतीको सुस्केरा कथामा जातिगत

दमिनी र सुनार भनेर सम्बोधन गरेर नै जातिगत अवस्था देखाएको छ :

> "मुखबाट धुवाँ उडाएर अनुहारलाई बाटुलो पार्दै भनी- गोरेले पनि पहिले त मलाई काकी नै भन्थ्यो । ऊ सुनारको छोरो, म चाइँ दमिनी तर ऊ मेरो श्रीमान् भयो । श्रीमान् हुनलाई त केइ जात नचाइने रै'छ हजुर ! एक जनाको पनि ज्यान बाँचेन । सबै बेपत्ता भए । मेरो श्रीमान्को त अस्तु पनि फेला परेन हजुर । सेती र कर्नाली एक भएको नदीले हामीलाई सधैका लागि छुट्याइदियो । मलाई फेरि त्यै नदीमा फाल हालेर मरूँजस्तो भयो । कान्छा रजबारको माया नभएको भए म बाँच्ने पनि थिइनँ, त्यस बेला ।" (पृ.८३)

वंशाणुगत गुण भनेको कुनै जातिमा पहिलेदेखि नै रहेर आएको विशेषता हो । रज एवम् वीर्यका माध्यमबाट त्यो गुण एक पुस्ता हुँदै अर्को पुस्तामा सर्दछ । राज एवम् वीर्यका माध्यमबाट आमा र बाबुका विशेषतालाई बहन गर्ने वंशाणुका कारणबाट नै मानिसहरु विविध आकृति, वर्ण र विशेषताका रहन पुग्दछन् । वंशाणु नै वंश परम्परादेखि शारीरिक एवम् मानसिक संरचनाामा समान विशेषताहरु हुँदै आउँछ । वंश पर म्पराबाहेक जातिलाई छुट्याउने आधार शारीरिक बनावट पनि हो । मान्छेको उचाइ तथा मोटाइ अनि आकार प्रकार ती जातिको मौलिक विशेषता हुन् भन्ने कुरालाई कथामा गोरे सुनारको जातिगत विशेषताका आधारमा यसरी व्यक्त गरिएको छ :

> "अचम्मै परें । के बोलूँ ? के नबोलूँ ? के भनूँ ? के नभनूँ ? मैले त केइ सोच्नै सकिनँ हजुर ! कस्तो अचम्मको जात कुरा गर्यो गोरे सुनारले । भित्रभित्रै लाज लागे पनि गोरेलाई पूर्णरूपमा हेर्ने मन लागेर आयो, हेरें- मोटे-मोटे, डल्ले-डल्ले । गौगोरो अनुहारको । मोटा-मोटा पाखुरा भएको । मेरै उमेरको गोरेलाई मजाको लाग्नेमान्छे देखे ।" (पृ.८३)

एउटा जातिको इतिहासको महान घटनाको विशिष्टता साहित्यको सौन्दर्यानुभूतिमा प्रकट हुन्छ । त्यसैले एउटा जातिभित्रको इतिहासले त्यस प्रतिभामा समान सोचको विकास गरेको हुन्छ । लेखकमा आफ्नो प्रजातिगत विशेषता विद्यमान रहेको हुन्छ र साहित्य सिर्जनाका सन्दर्भमा त्यसको प्रभाव पर्दछ । लेखकले आफ्ना रचनाको सामग्री आफ्नो प्रजातिबाट नै ग्रहण गर्दछ । त्यसैले साहित्यिक कृतिको अध्ययन गर्दा त्यसको प्रजातिगत अध्ययन गर्नु आवश्यक हुन्छ । कुनै एक प्रजातिका मानिसहरु जहाँ गए पनि तिनीहरूमा निश्चित प्रजातिगत गुणहरु विद्यमान रहिरहन्छन् । तर फरक भूगोल, हावापानी र खानपानको प्रभावका कारण केही प्रजातीय गुणहरूमा परिवर्तन आउन सक्छ । यस्तो अवस्थामा पनि तिनीहरूमा आफ्नो प्रजातिको मौलिक विशेषता र चिह्नगत आधारहरु कायम नै रहन्छन् भन्ने तेनको धारणालाई कथाकारले यसरी देखाएका छन् :

> "तल्लो जात, गाउँको सेवा गर्ने पनि कोही त चाइन्छ' भनेर तालागाउँबासीले सात होम्रो व्यवस्था राम्रै गर्दिए । 'मागी खाने जात' भनेर कसैले मुठी, कसैले मानो र कसैले पाथी अन्न दिए । कान्छा रजबारले आफ्नै गोठको कटेरो बार्न लगाएर घर बनाइदिए । मेरो श्रीमान्लाई घाटमा नाउ तार्ने ठेक्का दिलाइदिए । नयाँ घरजम गरेर हामी तालागाउँमा बस्यौ ।" (पृ.८४)

यसरी साहित्य समाजबाट पृथक् रहन सक्दैन र यो लेखकको समकालीन समाजका प्रजाति र उनीहरूको व्यवहार तथा स्वभावको प्रभावबाट सिर्जना हुन्छ । उनी प्रजातिअन्तर्गत व्यक्तिका सहज तथा वंशानुगत विशेषताहरु, मानसिक बनावट तथा शारीरिक संरचना आदिको चर्चा गर्छन् । उनका अनुसार कुनै प्रजातिका मानिसहरु देश, कालका आधारमा टाढा टाढा फैलिएका हुन्छन् तर पनि तिनीहरूमा केही समान विशेषताहरु विद्यमान रहन्छन् । कुनै प्रजातिको चरित्रगत विशेषता जलवायु, भूगोल र इतिहासका महान् घटनाहरूको परिणामस्वरूप विकसित हुन्छ । चरित्रको विशिष्ट विशेषता प्रजातिको विशिष्ट चेतना र सौन्दर्यानुभूतिमा प्रकट हुन्छ भन्ने तेनको धारणा 'सेतीको सुस्केरा' कथामा व्यक्त भएको छ ।

## सेतीको सुस्केरा कथाको परिवेश वा वातावरण चिन्तन

साहित्यमा परिवेशको महत्वपूर्ण भूमिका हुन्छ । 'सेतीको सुस्केरा' कथामा व्यक्त भाषिकागत अभिव्यक्ति र कथामा वर्णित विभिन्न स्थानहरूले पश्चिम नेपालको डोटी जिल्लाको परिवेश भएका कुराको पुष्टि गर्छ । तेनका अनुसार प्राकृतिक परिवेश मुख्य हो र त्यसभित्र सामाजिक परिवेश समेटिन्छ । मानिसको वरिपरि प्रकृति हुन्छ । समाज हुन्छ उसको आदिम प्रवृत्ति तथा प्रजातिको विशेषता भौतिक, सामाजिक परिस्थिति घटना आदिबाट ऊ प्रभावित हुन्छ । सेतीको सुस्केरा कथामा पनि कथाकार पश्चिम डोटीको सामाजिक भौगोलिक परिवेशबाट प्रभावित देखिन्छन् । यहाँ पश्चिम नेपालको डोटीमा क्षेत्रमा बोलिने केही भाषिक लवजले यो कुरा प्रस्ट हुन्छ :

> "योजना-स्योजना केइ नाइँ । अब बिहे नअर्ने । मायापिर्ता पनि नअर्ने । छोराछोरी पनि नपाउने । अब त्यसा जन्जालमा नफस्ने । बरु काललले लगे, जाने । बस् ।" (पृ.८१)

यस संसारमा मानिस एक्लो हुँदैन । उसका चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ, मानिसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषता भौतिक सामाजिक परिस्थितिहरु तथा घटनाहरूबाट प्रभावित हुन्छ । त्यस्ता घटनाहरु कहिले पुष्ट हुन्छन् भने कहिले तिनमा परिवर्तन हुन्छ भन्ने तेनको मान्यता कथमा यसरी प्रस्ट भएको छ :

> "म चौध वर्षमा लाग्दा कुमालीकोटको एक दमाईको छोरोसँग 'मारे पाप, पाले धर्म भनेर मेरो बिहे अर्दिनुभो । एक सालबादमा आफू इन्डिया जान्छु भनेर जानुभो । त्यसपछि मेरा बा आजसम्म पनि फर्किनुभएन । मर्नुभो कि, बाँचेकै हुनुहुन्छ ? भगवान् जानून् ! क्यै पत्तो छैन हजुर ।" (पृ.८२)

त्यसै गरी मानवीय बुद्धि निर्माणको महत्वपूर्ण पक्ष परिवेश हो । प्राकृतिक अवस्था तथा परिवेशका कारण मानवीय स्वभावमा पनि बदलाव आउने क्रमले निरन्तरता पाउँछ । तेनले प्राकृतिक परिवेशअन्तर्गत जलवायु भूगोललाई जोड्दै आर्थिक, राजनीतिक र सामाजिक परिवेशको साहित्यमा पर्ने प्रभावको पनि उल्लेख गरेका छन् । तेनको उक्त कुरा कथामा यसरी व्यक्त भएको छ :

> "श्रीमान् गएको दुई वर्षमा दुवै छोरी सेतीमा बगे । त्यसको एक वर्षपछि खै, के रोग लागेर हो, इन्डियामा श्रीमान् बित्नुभयो । सासू-ससुराले पोइ टोक्ने टोकार्नी, छोरी खाने बोक्सिनी भनेर गाली गर्न थाले । घरमा बसिखान दिएनन् । बाईस वर्षको जवानी अवस्था थियो । पोइ थिएन । छोराछोरी थिएनन् । बाआमा थिएनन् । के गर्ने ? कहाँ जाने ?" (पृ.८२)

तत्कालीन समाजमा विद्यमान रुढिवादी परम्परा र मूल्य एवम् मान्यताहरु विद्यामान थिए भन्ने कुरा कथांशमा यसरी व्यक्त भएको छः "सासू-ससुराले पोइ टोक्ने टोकार्नी, छोरी खाने बोक्सिनी भनेर गाली गर्न थाले । घरमा बसिखान दिएनन् ।" (पृ.८२) यसै गरी आफ्नो समाजिक आर्थिक अवस्था कमजोर भएको परिवेश देखाउँदै पश्चिम नेपालको सेती नदीमा हाम फाल्न खोजेकी सेती दमिनीको बाध्यतालाई कथामा यसरी संकेत गरिएको छः

> "बाईस वर्षको जवानी अवस्था थियो । पोइ थिएन । छोराछोरी थिएनन् । बाआमा थिएनन् । के गर्ने ? कहाँ जाने ? सगरमा उडूँ कि सेतीमा डुबूँजस्तो भयो । धेरै दिनसम्म त सेतीमा हाम फालौ भनेर एकोहोरिएँ तर सकिनँ । नसकिँदो रैछ हजुर ! लाखको परानी फाल्न नसकिँदो रैछ ।" (पृ.८२-८३)

तेनले प्राकृतिक पर्यावरणलाई महत्व दिए तापनि त्यसमा सामाजिक परिवेशलाई पनि समावेश गरेका छन् । संसारमा मानिस एक्लै हुँदैन, उसको चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ । उसका आजीवन प्रवृत्ति

तथा जातिगत विशेषताहरू भौतिक सामाजिक परिस्थिति र घटनाहरूबाट प्रभावित हुन्छन् भन्ने तेनको विचार कथामा यसरी व्यक्त भएको छ :

> "खल्तीबाट शिखर चुरोटको बट्टा झिकेँ । एक खिल्ली सेतीलाई दिएँ । अर्को आफैं सल्काएँ । चुरोट सल्काइसक्दा सेती भावुक भैसकेकी थिई । भनी' सेतीमा हाम फाल्न नसकेपछि एक दिन पिपल्ला बजारमा भोकै उभिएकी पर्या थिएँ । काँ जान्लाग्यौ सेती काकी ? भनेको सुनें ।" (पृ.८३)

साहित्यकारले साहित्य सिर्जना गर्दा प्रत्यक्ष रूपले आफू बाँचेको समाजको प्राकृतिक तथा सामाजिक तत्वहरु समाजबाट ग्रहण गर्ने गर्दछन् । त्यसैले समाजमा मान्छे एक्लो हुँदैन ऊ प्राकृतिक तथा सामाजिक वातावरणद्वारा चारैतिरबाट घेरिएको हुन्छ । भौगोलिक संरचना र वातावरणले साहित्य सिर्जनामा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । यसरी बाहिरी परिवेशले मान्छेको मानसिकतालाई प्रभाव पार्दछ भन्ने तेनको मतलाई कथाले यसरी पुष्टि गरेको छ :

> "साँफेबगरमा म गोरेकी श्रीमती भएँ । अब सेतीमा फाल हाल्ने मन थिएन । सेतीले बगाए पनि पौडी खेलेरै बाँच्न सक्छु भन्ने साहस पलायो । साँफेबाट हिंडेको पाँचौं दिनमा तालागाउँ पुगियो । तालागाउँ सेती र कर्नालीको सङ्गमपछिको पहिलो किनार हो । वारि फेदी, पारि तालागाउँ । बीचमा सेती र कर्नाली नदी एकै भएर बग्दै थिए । म र गोरे सेती र कर्नालीजस्तै कैल्यै नछुट्टिने गरी एक भैसकेका थियौ । असाध्यै सुन्दर ठाउँ थियो त्यो । किताबको चित्रजस्तै । फेदीबाट नाउमा तरेर पारि गयौं हामी ।" (पृ.८४)

साहित्यकार जुन युगमा बाँचेको हुन्छ, त्यस युगको आफ्नै समाजिक समस्या, सांस्कृतिक मान्यता एवम् विश्वास हुन्छ । तिनै समस्या, विश्वास तथा मान्यतालाई समग्र रूपमा परिवेश भनिन्छ । प्रत्येक साहित्यकारले जन्मदेखि नै आफ्नो वरपरको परिवेशबाट प्रभाव ग्रहण गर्दछ । ती प्रभावहरु पछि उसका साहित्यिक अभिव्यक्तिहरूमा क्रियाशील हुन्छन् र यिनैको परिचालनबाट उसले साहित्य साधना गर्दछ । तेनका यिनै विचारहरू कथाकारले आफ्नो कथामा यसरी देखाएका छन् :

> "एक छिन सेतीको अनुहार केही सम्झेजस्तो गरी एकोहोरियो । सायद गोरेको याद आयो होला । सम्झनाको तलाउबाट निस्केर भन्न थाली- "तालागाउँ बसेको पाँच वर्ष पुग्न दुई मैना बाँकी थियो । भदौको महिना कर्नाली समुदै भएको जन थियो । पारि फेदीबाट चार पाँच जना मान्छे राखेर नाउमा आउँदै थिए । बीच नदीमा पुगेपछि खै, के मेसो बिग्रियो, एक्कासि नाउ पल्टियो ।" (पृ.८३)

यसरी मानिसले जीवन भोगाइका क्रममा विभिन्न ज्ञान तथा अनुभवहरु बटुल्दछ । समयको लामो अन्तरालमा मानिसले समाजबाट ज्ञात अज्ञात रूपमा सिकेका वा आर्जन गरेका अनुभव, सीप, परम्परा, धारणा तथा आदर्श आदिलाई पुस्ता पुस्तामा हस्तान्तरण गर्दै आएको हुन्छ । तेनले साहित्यमा पर्यावरणको प्रभाव रहन्छ भनेका छन् । तेनको परिवेशसम्बन्धी सिद्धान्त कार्यकारण सम्बन्धलाई पूर्ण व्याख्या गर्ने सिद्धान्त हो भन्ने मान्दछन् । सामान्यतः धर्म र जातसँग सम्बद्ध विश्वास र क्रियाकलापहरु नै संस्कृति हो भन्ने मान्यता समाजमा स्थापित भएको पाइन्छ । यो संस्कृतिको पारम्परिक र सङ्कुचित अर्थ हो । यस मान्यताअन्तर्गत संस्कृतिभित्र धर्म, संस्कार, चाडबाड, जात्रा आदि मात्र समावेश गरिएको पाइन्छ । यिनै कुरा सेतीको सुस्केरा कथामा व्यक्त भएका छन् ।

## सेतीको सुस्केरा कथामा क्षण चिन्तन

साहित्य अथवा कृतिमा आएको युगीन चेतनालाई क्षण भनिन्छ । रामलाल जोशीको 'सेतीको सुस्केरा' कथाले वि.सं. २०६३ पूर्वको पश्चिम नेपाली समाजको यथार्थ वस्तुस्थितिलाई देखाएको छ । कथाकारले

कथामा व्यक्त भएका देहायका कथांशबाट त्यस समयको यथार्थता कथामा छ भन्ने कुरा पुष्टि हुन्छ ।

> "एक छोरो माउवादीले युद्धमा मारे । एक छोरो डिल्लीमा एउटाचाइँ गाडीमा खलासी । कान्छो छोरा नान्कै । त्यसै दिन दिउँसो हामी बुढीगङ्गाको किनारमा थियौं । ठूलो ढुङ्गामा बसेपछि उसले मेरो माझी औला समातेर भन्यो- 'सेती काकी, हामी आँ किन आ' का हौ थाछ ? खै ? तैँले भनेर म आएँ, मलाई केइ था' छैन', भनें ।" (पृ.८३)

साहित्यमा साहित्यकार तथा स्रष्टाले भोगेको युगको प्रतिबिम्ब हुन्छ । एउटा युगमा एउटा प्रधान विचार बौद्धिक साँचोका रूपमा रहेको हुन्छ । त्यसले सबै समाजको चिन्तन तथा व्यवहारलाई प्रभावित बनाई जीवनका सबै क्षेत्रमा फैलिएको हुन्छ । लामो समयको अन्तरालमा यस्तो विचारको विस्तारै ह्रास हुँदै जाने र पुन अर्को नयाँ विचार प्रधान विचारका रूपमा सिर्जना हुन पुग्दछ । साहित्यका माध्यमबाट त्यसको रचनाकाल वा त्यसले चित्रित गरेको समयको मान्छेको रूप, विचारको गति र जीवनको अवस्थाबारे बोध हुन्छ । त्यसैले कृतिमा कृतिको युग, कृतिकार एवम् कृतिमा चित्रित युगका जातिको मूल मनोविज्ञान पनि अभिव्यक्त हुन्छ । सोही कुरा कथामा यसरी व्यक्त भएको छ :

> "मेरो श्रीमान्ले कान्छा रजबारको नुन ल्याउन कैले मधेस जानुपर्थ्यो । कैले खसी बोका बेच्न डोटी जानुपर्थ्यो । त्यस्तो बेलामा कान्छा रजबारले मलाई कैले पनि एक्ली चाईं छोडेनन् । सबैभन्दा ठूलो जिन्दगीमा मायापिर्ता हुँदो रैछ हजुर ! कान्छा रजबारको माया त मलाई ऐले पनि लाग्छ । तालागाउँ पुगेको पाँच वर्ष  दुई मैना बाँकी थियो । भदौको महिना कर्नाली समुद्रै भएको थियो ।" (पृ.८४-८५)

गतिशील समयको कारण युग परिवर्तन भइरहन्छ । युग परिवर्तनसँगै नयाँ विचारको क्रमशः विकास भइरहन्छ । त्यसैले साहित्यकारले साहित्य सिर्जना गर्दा आफू बाँचेको युग साहित्यमा अभिव्यक्त गरेको हुन्छ । तसर्थ साहित्यको अध्ययनबाट त्यसको रचनाकाल वा साहित्यले अभिव्यक्त गरेको युगका मानिसहरूको अवस्थाबारे बुझ्न सकिन्छ । साहित्यकार वा कलाकारको जीवन भोगाइका क्रममा निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले चेतनामा प्रभावित पारेको हुन्छ । ती सामाजिक घटना तथा परिस्थितिले स्रष्टालाई साहित्य सिर्जना गर्नमा उत्प्रेरक कार्यको भूमिका खेल्ने गर्दछ । साहित्यिक कृतिमा महत्वपूर्ण प्रभावहरूलाई सशक्त रूपले अभिव्यक्त गरेर साहित्यकारले आफ्नो कृतिको स्थान उच्च बनाउने गर्दछ । सेतीको सुस्केरा कथामा पश्चिम नेपालको तत्कालीन समय र अवस्था यसरी व्यक्त भएको छ :

> "बन्नु के लेख्या हुँदो हो । गएको दिनदेखि फर्केर आएन । उसलाई त लडाईं गर्न लाएर युद्धमा मार्दिएछन् । के गर्ने ? त्यै छोरा बाँच्या भए पनि आज यस्तो हुने थिएन । नरो किएरै भन्न थाली- 'तीन वर्ष मगरकी स्वास्नी भएर बसे । दुई वर्षअघि आफ्नै जातकी तरूनी मगर्नीसँग बिहे गऱ्यो मगरले । तँ दमिनी रैछेस्, मेरो घरबाट गैजा' भनेर निकाल्दियो, त्यसले । त्यो मगर त सारै पापी रैछ हजुर ! दयामया क्यै नभएको । चारजना केटाहरूलाई बोकेर डाँडाबाट तल झरेँ ।" (पृ.८७)

हरेक युगका केही आफ्ना 'प्रधान विचार' हुन्छन् र त्यसमा रहेको बौद्धिक स्वरूपका कारण त्यो सदियौँसम्म जीवित रहन्छ समकालीन परिवेश, चिन्तन र घटना तथा परिस्थितिले साहित्यकारको चेतनालाई प्रभावित गर्दछ र त्यसलाई नै लेखकले आफ्नो कृतिमा व्यक्त गर्दछ । साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रका मानवीय जीवनको सत्यको पहिचान गराउँदछ । लेखकले आफ्नो प्रजाति, समाज र राष्ट्रको भावना एवम् आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एक युगको दस्तावेज तथा अभिलेख हो । यिनै तथ्यको आधारमा हेर्दा सेतीको सुस्केरा कथामा साहित्यकारले युगको प्रतिबिम्ब यसरी गरेका छन् :

> "आफ्नो भन्नु कोई थिएन । काँ जानु ? के गर्नु ? जसोतसो जङ्गलबाट छेस्काहरु बटुलेर

यै सडकको किनारामा यो झुपडी बनाएर बसेकी छु । खाने गास छैन । लाउने टालो छैन । बस्ने घर छैन । खेती गर्ने जग्गा छैन । थम सुकुम्बासी भएर बसेकी छु यै कुरा लेख्दिनुहोला हजुर, त्यो फाराममा । सरकारलाई पनि मेरो यो कुरा सुनाइदिनुहोला सेती दमिनीले मेरो केई व्यवस्था गरिपाऊँ भनेकी छे भनेर लेख्दिनुहोला हजुर ।" (पृ.८७)

यसरी साहित्यकारले साहित्यिक कृतिमा आफू बाँचेको युगको मान्छे र राष्ट्रको वास्तविकता पहिचान गराउँछ । त्यसैले साहित्यलाई समय तथा युगको प्रतिबिम्ब भनिन्छ । साहित्यमा समय तथा युगको बोध साहित्यिक कृतिले गर्ने र साहित्यको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजी समाजशास्त्रीय अध्ययनको प्रमुख विषय बन्नु पुगेको धारणा तेनको धारणा सेतीको सुस्केरा कथामा व्यक्त भएको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा 'सेतीको सुस्केरा' कथालाई जाति, पर्यावरण र युगका आधारमा विश्लेषण गरिएको छ । कथामा गरिब र शोषित वर्ग सामन्तवादी सोच र चिन्तन बोकेका मानिसको ज्यादतिमा के कसरी फस्छन् भन्ने स्थितिलाई स्पष्ट देखाइएको छ । कथामा कान्छा रजबार जस्ता खराब प्रवृत्ति भएका मानिसले जनयुद्धको समयमा दलित र विधवा दमिनीलाई गर्भिणी बनाएर पञ्छाएको सन्दर्भ देखिएका छन् । कथाले जनयुद्धको समयलाई सङ्केत गरेको छ । राज्यका तर्फबाट गरिब वर्गप्रति उदासीनता देखाएको छ । कथामा पश्चिम नेपालको डोटी, अछाम संयोजन भएको पाइन्छ । समयको हिसाबले हेर्दा २०६३ सालभन्दा अघिको माओवादी जनयुद्धको समयलाई सङ्केत गर्दै तत्कालीन राजनीतिक अवस्थाको झल्को दिएको छ ।

यो कथा तत्कालीन समाजको यथार्थ चित्रण गर्न सफल देखिन्छ । यसै गरी परिवेश वा पर्यावरणको रूपमा आएका घटनाक्रमले पनि नेपाली समाजको सामाजिक र मनोवैज्ञानिक अवस्थालाई संकेत गर्न खोजेको छ । वि.सं. २०६३ पूर्वको नेपाली समाज क्षणका रूपमा आएको छ भने प्रजातिगत रूपमा ब्राह्मण, क्षत्रीय, गुरूङ, दमाई आदिको उपस्थिति छ । यसले समाजमा व्यक्त कथित उच्च र निम्न वर्गीय खाडललाई देखाएको छ । अतः कथाकारको समय अर्थात् उक्त क्षणको कुलीन परम्परा, सामन्ती प्रवृत्ति र दास मनो वृत्तिलाई यस कथाले यथार्थपरक परिवेशमा चित्रण गरेको छ । अतः यिनै जाति, परिवेश र क्षण दृष्टिले कथा सफल भएको छ भन्ने निष्कर्षित हुन्छ ।

## सन्दर्भसूची


क्षेत्री, उदय (२०६४), "समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईको आख्यानको अध्ययन" अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिक शास्त्र सङ्काय ।

जैन, निर्मला (सन् १९९२). साहित्यको समाजशास्त्रीय चिन्तन (अनु. तथा सम्पा., दोस्रो संस्करण),मोडन टाउन

जोशी, रामलाल (२०७३). ऐना. काठमाण्डौं : बुक हिल पब्लिकेशन ।

थापा, मोहनहिमांशु (२०७३), साहित्य परिचय (छैटौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मेनेजर (सन् २००६). साहित्यमा समाजशास्त्रको भूमिका. दिल्ली : साहित्य अकादमी ।

पाण्डेय, मेनेजर (२००६). साहित्य के समाजशास्त्रकी भूमिका, (तेस्रो संस्क.). दिल्ली : आधार प्रकाशन प्रालि. २००६ ।

प्रभात, विष्णु (सम्पा. २०७०). प्रज्ञा दर्शनकोश. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्ट, सुशीला (२०६०). गुरूप्रसाद मैनाली : व्यक्ति र कृति. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भुसाल, राजु (२०७६). "माछो माछो भ्यागुतो कथामा विश्वदृष्टिकोण". प्रज्ञा, अङ्क २ (११८),पृ. ११९–१२६ ।

मैनाली, गुरूप्रसाद (२०७६), नासो. काठमाडौँ : बुक हिल पब्लिकेसन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, (दोस्रो संस्करण). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, चन्द्रमान, (२०७१), "पारिजातका उपन्यासको समाजशास्त्र", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. कीर्तिपुरः त्रिवि नेपाली केन्द्रीय विभाग ।

सूचीकार्की, दीपक (२०७५/०७६), "समयका आँखा कथा सङ्ग्रहमा विश्वदृष्टि".प्रज्ञा, अङ्क १ (११७). पृ. ११२–१२१ ।